१४२

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ४६०/२०७२/०७३

निर्णय नं. ६३५

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ........................................२ पुनरावेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), बाँसगढी नगरपालिका कार्यालय, बर्दिया ..................१ विपक्षी

सूचना अधिकारी, बाँसगढी नगरपालिका कार्यालय, बर्दिया ..............................................१

विषय :– माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले बाँसगढी नगरपालिका कार्यालय, बर्दिया समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको । सो सम्बन्धमा आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम बाँसगढी नगरपालिका कार्यालय, बर्दियालाई मिति २०७२।०७।२९, च.न ५०४ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । तत् पश्चात् उक्त बाँसगढी नगरपालिका कार्यालय, बर्दियाको मिति २०७२।०९।०३, च.नं. २२४०, प.सं. २०७२/०७३ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना यस आयोगलाई पठाई सो को बोधार्थ प्रति पुनरावेदकलाई समेत दिएको देखिदा यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल फागुन ३ गते रोज २ शुभम् ।